का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ माघ २०८२
सोमबार
19 January 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

डिपेपर हेर्न

वर्ष २३, अंक ३४०। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# टिकटको झमेलामा दलहरू



कुनै ठाउँमा त्यही विशेषताको व्यक्तिलाई टिकट दिएको छ भने अर्को ठाउँमा त्यस्तैलाई वञ्चित गरिएको छ। यस्तो निर्णयप्रति एक स्वरले समर्थन प्राप्त भएको छैन, यो 'गम्भीर भुल' हो।



■ **योगेश भट्टराई**
**उपमहासचिव, नेकपा एमाले**

भूगोलबाट आएका सिफारिसहरूकै आधारमा टिकट वितरण हुन्छ। केही नेताहरूका क्षेत्र मिलाउनुपर्ने विषयमा समेत छलफल भइरहेको छ। असन्तुष्ट पक्षका नेताहरूलाई समेत समेटेर सोमबारसम्म उम्मेदवार टुंगो लगाउँछौं।



■ **सुवास पोखरेल**
**केन्द्रीय सदस्य, नेपाली कांग्रेस**

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ४ माघ

प्रतिनिधि सभाको निर्वाचन आउन ४६ दिन बाँकी छ। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ मा गराउने निर्वाचनका लागि शान्ति सुरक्षादेखि मतपत्र छपाइलगायत निर्वाचनपूर्वका गर्नुपर्ने सबै तयारी तीव्रताका साथ गर्दै छ। राजनीतिक दलले समेत निर्वाचनको तयारीमा छन्। समानुपतिक उम्मेदवारको बन्द सूची बुझाएर प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गतका उम्मेदवार छनोटको कामलाई अन्तिम चरणमा पुर्‍याएका छन्। यद्यपि मुलुकको राजनीतिक ठेक्का नै लिएजस्तो गर्ने ठुला र पुराना राजनीतिक दलमा आन्तरिक झगडाको आगो निभ्न सकेको छैन। जब निर्वाचन आउँछ, तब टिकट वितरणको विषयलाई लिएर दलबीचको आन्तरिक असन्तुष्टिको ग्राफ बढ्ने पुरानै रोग हो। तर यसपटक टिकट वितरणको मात्रै नभई पार्टीको आन्तरिक महाधिवेशनबाट भित्रिएको अन्तर कहलले ठुला दल सिकिस्त छन्। जेनजी आन्दोलनबाट अपदस्त सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र सत्ता सहयात्री नेपाली कांग्रेसभित्रको गुटगत असझदारीले उनीहरू थलिँदै गएका हुन्। जेनजी आन्दोलनबाट सरकार ढलेसँगै बनेको सुशीला कार्की नेतृत्वको सरकारले घोषणा गरेको फगुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनबाट बढी सिट लिएर आगामी सरकार गठनका लागि तयारी गर्नुपर्ने यी दलहरूमा आन्तरिक विवाद समाधान नहुँदा नवउदित दल र नेताहरूको पल्लाभारी हुने सम्भावना बढ्दै गएको विश्लेषण भइरहेको छ। निर्वाचन कार्यतालिका निर्वाचनमा भाग लिने दलले गर्नुपर्ने सबै कामहरू गर्दै आएको नेताहरूले बताएका छन्। नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपासहितका दलहरूले प्रत्यक्षतर्फको उम्मेदवार छान्ने काम करिब अन्मित चरणमा पुर्‍याएको बताए। नेकपा, रास्वपासहितका दलको आन्तरिक झमेला कम छ। नेकपा एमालेभित्र टिकट वितरणलाई लिएर तीव्र असन्तुष्टि चुलिएको छ। त्यस्तै विघटित प्रतिनिधि सभाको पहिलो ठुलो दल नेपाली कांग्रेसको आन्तरिक द्वन्द्वले चरम चुली नाघेको छ। सो दलको पछिल्लो गतिविधिले निर्वाचन नै प्रभावित हुन सक्ने संकेत गरेको छ।

पार्टीको १५औं नियसमित महाधिवेशन हुन नसकेपछि विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व छानेर निर्वाचनको माहोललाई तताउने योजना बनाएको कांग्रेस दुई चिरामा विभक्त छ। आधिकारिक रूपमा पार्टी नफुटे पनि विशेष महाधिवेशनको >>> पृष्ठ २ मा



# बिनाखुट्टा सात महादेशका शिखर चुमेर फर्किए हरि

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ४ माघ

उनका दुवै खुट्टा थिएनन् तर मनमा अपार आँट र सपना थिए। अफगानिस्तानमा भएको एउटा विस्फोटले उनको जीवनको ठुलो हिस्सा खोसेको थियो। त्यही पनि हरि बुढामगरले हार मानेनन्। खुट्टाभन्दा बलियो अठोट बोकेर उनी हिमालतर्फ लागे र अन्तत: विश्वका सातै महादेशका सर्वोच्च शिखर आरोहण गर्दै 'सेभेन समिट' पूरा गर्ने विश्वकै पहिलो डबल एम्प्युटी पर्वतारोही बने। बुढाको यो विश्व कीर्तिमानले नेपालको मात्र होइन, संसारभरका अपांगता भएका व्यक्तिको मनोबल बढाएको छ।

बुढाले ६ जनवरी २०२६ मा अन्टार्कटिकाको सर्वोच्च शिखर माउन्ट भिन्सन आरोहणसँगै आफ्नो कीर्तिमानी यात्रा पूरा गरेका हुन्। सातौं चुचुरो माउन्ट भिन्सन (४ हजार ८ सय ९२ मिटर) सफलतापूर्वक आरोहण गरेपछि बुढामगर खुसी साट्न सिधै नेपाल फर्किएका छन्। उक्त अभियानमा उनका गाइड मिङ्मा शेर्पा र अफिसियल फोटो पत्रकार अविरल राई सहभागी थिए।

रोल्पाको थवाङ गाउँपालिका-३, मिरुलमा जन्मिएका बुढामगर पूर्व गोर्खा सैनिकसमेत हुन्। सन् २०१० मा अफगानिस्तानमा खटिएका बेला विस्फोटमा परी घुँडामाथिबाट दुवै खुट्टा गुमाएका उनले त्यसपछि जीवनलाई नयाँ मोड दिएका थिए। अनुकूलित (एडाप्टिभ) पर्वतारोहीका रूपमा उनले अपांगता कुनै कमजोरी होइन भन्ने सन्देश विश्वभर फैलाउँदै आएका छन्।

बुढामगरले 'सपनाहरूको विजय-७ शिखर' अभियानअन्तर्गत सातै महादेशका अग्ला हिमाल आरोहण गरेका हुन्। यससँगै उनी विश्वका सात उच्च शिखर आरोहण गर्ने पहिलो 'डबल एम्प्युटी (घुँडामाथिबाट दुवै खुट्टा गुमाएका)' व्यक्तिको रूपमा विश्व रेकर्डमा दर्ज भएका छन्।

यसअघि उनले २०१९ अगस्ट १३ मा माउन्ट एल्ब्रुस, २०२० मा माउन्ट >>> पृष्ठ २ मा

# आचारसंहिता उल्लंघन गरे उम्मेदवारी खारेजी !

मनोनयन दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी मानिस लैजान नपाउने प्रावधान आचारसंहितामा छ। बढीमा १० वटा मात्र झन्डा प्रयोग गर्नुपर्ने नियम छ।



निर्वाचन आचारसंहिता कडाइसाथ पालना गराइनेछ।

● **नारायणप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ४ माघ

आगामी २१ फागुनका लागि तय भएको प्रतिनिधि सभा सदस्यको चुनावअन्तर्गत निर्वाचन आचारसंहिता लागू भएको छ। गए राति १२ बजेबाट लागू भएको आचारसंहितामा आचारसंहिता उल्लंघन गर्दा उम्मेदवारी खारेजी >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# बाध्यकारी वैदेशिक रोजगार अन्त्य गर्न निर्देशिका जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

बाध्यकारी वैदेशिक रोजगारको अन्त्य गर्ने प्रमुख उद्देश्यसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आन्तरिक रोजगार प्रवर्धन दशक कार्यक्रम सञ्चालन निर्देशिका जारी गरेको छ।

राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम निर्देशिका, २०८२ नाम दिइएको उक्त निर्देशिका पुस ३ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भएको हो। निर्देशिकामा केन्द्र, प्रदेश र ७५३ स्थानीय पालिकामा युवा श्रम शक्तिलाई सीप विकास, रोजगार र उद्यमशीलता विकासमा जोड्न सञ्चालन हुने उल्लेख छ। >>> पृष्ठ २ मा

**UAE मा महिला/पुरुष PSBD/DPS Security Guard हरूलाई रोजगार**

Company : Professional Security Systems LLC

पुर्व स्वीकृती मिति: २०८२/९/१४ | चलानी नं.: ६०२४९७६९ | LT No.: 336197

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 75 | 25 | कामगर्न दक्ष | 2000 | ७९,१९५/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards | 75 | 25 | | 1200 | ४७,५२०/- | | | | | | | |

Basic Salary PSBD Guard हरूको AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 (रू. १,०९, ६८५) र DPS Guard हरूको AED 1200 र Overtime Allowance AED 1000 सहित AED 2200 (रू. ८७,११५) भन्दा माथी कमाउन सकिनेछ।

उमेर २३ देखि ४० वर्ष, हाइट : पुरुषको ५ फिट ७ इन्च, महिलाको ५ फिट २ इन्च, शैक्षिक योग्यता १० पास, शरीरमा कुनै पनि टाटु नकोरेको, २ वर्ष कामको अनुभव भएको र अंग्रेजी राम्रो बोल्न सक्ने हुनुपर्नेछ।

पुलिस रिपोर्ट Dubai Embassy बाट Attestation भएको १५ दिन भित्र भिषा प्राप्त हुनेछ।

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ। प्रि-अन्तरवार्तामा सामेल भई सफल भएकाहरूलाई मात्र फाइनल अन्तरवार्तामा सामेल गरिनेछ।

फाइनल अन्तरवार्ता २०८२ माघ ११ (25 Jan., 2026) गते सि.पि. होटल झापामा २०८२ माघ १३ (27 Jan., 2026) गते यस प्रा. लि. को कार्यालय गौशलामा २०८२ माघ १४ (28 Jan., 2026) गते रेड कार्पेट होटल चितवनमा २०८२ माघ १५ (29 Jan., 2026) गते बाजेको सेकुवा पोखरामा हुनेछ।

**Orchid Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9851048627 9801355469, 9801074705, Pokhara : 061-590012, 9802853454 9820614821, Jhapa : 023-531316, 9801458705, 9802078705,9801074705 Chitwan : 9709163557, 9818800697
Email : orchidoverseas.np@gmail.com

**VACANCY ANNOUNCEMENT**

WE'RE HIRING

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

MOFA - (2 Female)
DOFE - (2 female)
RECEPTIONIST - (2 Female)
Should have experience in related field.
SALARY 20000-35000
SEND YOUR CV: admin@luluintl.com
01-4979151

**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu. Nepal
Mob.: 9851083549 || 9818065184
Govt. Lic. No. 1035/072/073

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# बालेन र हर्कले दिए मेयरबाट राजीनामा

**काठमाडौं / मस**–काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले पदबाट राजीनामा दिएका छन्। आइतबार उनले उपमेयर सुनिता डंगोललाई राजीनामा बुझाएका हुन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिनका लागि राजीनामा दिएका हुन्। यस्तै बोलन आइतबारनै स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय कार्यालय बनस्थली पुगेका थिए।

बालेनलाई रास्वपा कार्यकर्ताहरूले स्वागत गरेका थिए। उनको स्वागतमा रास्वपा केन्द्रीय कार्यालयमा नेता कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो।





उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट झापा-५ बाट चुनाव लड्ने तयारीमा छन्। रास्वपा बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावमा होमिँदै छ।

यसैबीच धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले पदबाट राजीनामा दिएका छन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिनका लागि उनले आइतबार पदबाट राजीनामा दिएका हुन्। साम्पाङले उपप्रमुख समक्ष आफ्नो राजीनामा पत्र बुझाएका छन्।

# निर्वाचन प्रहरीमा भर्ना हुन झन्डै २ लाखले दिए आवेदन

**काठमाडौं / मस**–आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन सुरक्षार्थ खुलाइएको निर्वाचन प्रहरीका लागि करिब २ लाखको आवेदन परेको छ।



नेपाल प्रहरीअन्तर्गत खटाउन १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरी बल (एपीएफ) मातहत परिचालन गर्न १५ हजार १ सय १० गरी कुल १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरीको आवेदन खुलाइएको थियो। जसका लागि कुल १ लाख ९६ हजार ४ सय ७० जनाको आवेदन परेको हो।

निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिनेमा विगतका निर्वाचनमा म्यादी प्रहरी भई काम गरेका २६ हजार ६ सय ३१, पूर्वप्रहरीबाट ६ सय ७४, पूर्वसेनाबाट १ हजार ६ सय ७३, पूर्वसशस्त्र प्रहरीका २ सय २८ र पूर्ववन रक्षक १ सय ५३ जनाको पनि आवेदन परेको छ। आवेदन दिने बाँकी १ लाख ६७ हजार ५७ जना सर्वसाधारण छन्। अब आवेदकमध्येबाट छनोट प्रक्रिया अघि बढाइनेछ। यसका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित कार्यालयबाट छनोट प्रक्रिया अघि बढाउन लागिएको हो। सोमबार (माघ ५) बाटै छनोट प्रक्रिया अघि बढाउन लागिएको हो। २५ पुसदेखि १ माघसम्मको अवधि तोकेर निर्वाचन प्रहरी भर्नाको दरखास्त खुलाइएकामा कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिमका ३६ जिल्लामा कम आवेदन परेपछि समय थप गरिएको थियो। जसअनुसार कम आवेदन परेका जिल्लामा ३ माघसम्म दरखास्त अवधि बढाइएको थियो। थप भएकोसहित गरेर नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत १ लाख ९६ हजार ४ सय ७० जनाको आवेदन परेको हो। गृह मन्त्रालयले ४० दिनको कार्यविधि तोकेर नेपाल प्रहरी र सशस्त्र प्रहरी बल मातहत खटाउने गरी निर्वाचन प्रहरी भर्ना, परिचालन तथा खटनपटनसम्बन्धि कार्यविधि जारी गरेको थियो।

मंसिर २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सुरक्षामा १ लाख १५ हजार म्यादी प्रहरी भर्नाका लागि आवेदन खुलाइएकामा दोब्बर अर्थात् २ लाख ३२ हजार ८८ जनाको दरखास्त परेको थियो। वैशाख २०७९ को स्थानीय तह निर्वाचनमा करिब १ लाख म्यादी प्रहरीको आवेदन खुलाइएकामा तेब्बर अर्थात् करिब ३ लाखले दरखास्त दिएका थिए। यो पटकको चुनावमा भने आवेदन दिने तुलनात्मक कम देखिएका हुन्।

# ज्यान मार्ने धम्की आएको बिमा पीडित पाण्डेको आरोप

**सत्येन्द्रप्रताप सिंह / मध्यान्ह**
रौतहट, ४ माघ

मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवसँग न्यायको गुहार मागेका बीमा ठगी पीडित सत्येन्द्र पाण्डेले राज्यद्वारा संरक्षित अपराधीहरूले आफूलाई निरन्तर ज्यान मार्ने धम्की दिइरहेको आरोप लगाएका छन्।




आइतबार पत्रकारहरूसँग कुरा गर्दै पाण्डेले पछिल्लो समय सामाजिक सञ्जालमा भाइरल भएको बीमा ठगीसँग सम्बन्धित भिडियोको सन्दर्भमा आफ्नो संघर्ष र असुरक्षाबारे जानकारी दिएका हुन्। उनले मुख्यमन्त्रीसँग न्याय मागेको भोलिपल्टै एलआईसीका उच्च पदाधिकारी र उनीहरूद्वारा परिचालित समूहबाट फोन र लिखित रूपमा धम्की आएको दाबी गरे।

पाण्डेका अनुसार यो प्रकरण दुई वर्षदेखि चलिरहेको बीमा ठगी मुद्दासँग जोडिएको छ। उनले एलआईसीका डीसीओ अरविन्द दत्ता लगायतका पदाधिकारीहरूले सर्वसाधारणले जम्मा गरेको प्रिमियमको पैसा प्रयोग गरेर महँगा वकिल राख्ने र मुद्दालाई प्रभावित पार्ने खेल खेलिरहेको आरोप लगाए।

पाण्डेले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय रौतहट र जनकपुर प्रहरी कार्यालयको कार्यशैलीप्रति असन्तोष व्यक्त गर्दै उजुरी दर्ता भए पनि कारबाही नभएको र उल्टै आफूलाई ज्यान मार्ने धम्कीको झूटो मुद्दा बनाइने प्रयास भएको बताए।

उनले न्यायका लागि जिल्ला प्रहरीदेखि राष्ट्रपति कार्यालयसम्म पत्र पुऱ्याएको र उजुरीमा सरकारी वकिल कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, गृह मन्त्रालय, मधेश सरकार, सीआईबी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रसम्म समावेश रहेको जानकारी दिए।

पाण्डेले भने, 'न्याय नपाएमा म ती अपराधीहरूविरुद्ध जस्तोसुकै कदम चाल्न बाध्य हुनेछु। यदि राज्यले मेरो सुरक्षा सुनिश्चित गरेन भने त्यसको जिम्मेवार यो भ्रष्ट प्रणाली हुनेछ।'

# खोला किनारको थप २० मिटर मापदण्ड सर्वोच्चले उल्टायो

**काठमाडौं / मस**– सर्वोच्च अदालतले काठमाडौं उपत्यकाका खोला तथा नदी किनारबाट थप २० मिटर क्षेत्र खाली राख्नुपर्ने भनी यसअघि गरिएको फैसला उल्टाएको छ।




आइतबार सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल र नृपध्वज निरौलाको पूर्ण इजलासले संयुक्त इजलासको उक्त फैसला कानून र न्यायसंगत नरहेको ठहर गर्दै सो हदसम्म उल्टाउने निर्णय गरेको हो।पूर्ण इजलासले जारी गरेको संक्षिप्त आदेशमा भनिएको छ, 'संयुक्त इजलासको मिति २०८०/०९/०३ को फैसला कानुन र न्यायको रोहमा मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी हुने ठहर्छ।' फैसलाको पूर्णपाठ भने तयार गर्न समय लाग्ने अदालतले जनाएको छ।

यसअघि सर्वोच्च अदालतको संयुक्त इजलासले मन्त्रिपरिषद्ले तोकेको मापदण्डभन्दा बाहिर समेत नदी तथा खोलाको दायाँ-बायाँ थप २० मिटर क्षेत्र संरचना निर्माणका लागि नछोड्नुपर्ने फैसला गरेको थियो। उक्त फैसलाले काठमाडौं उपत्यकाका खोला किनार क्षेत्रमा बनेका संरचना हटाउनुपर्ने अवस्था सिर्जना भएको थियो।

# उदयपुरमा मालवाहक ट्रक दुर्घटना, दुई जनाको मृत्यु

**बिन्द्र राई / मध्यान्ह**
उदयपुर, ४ माघ

उदयपुरमा मालवाहक ट्रक दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। मदन भण्डारी राजमार्ग अन्तर्गत नेपालटार-गाईघाट सडकखण्डको उदयपुरगढी गाउँपालिका-७ अधेरीमा आइतबार दुर्घटना भएको हो।



जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख एवं सूचना अधिकारी डिएसपी केदारमान दोङका अनुसार ट्रक अनियन्त्रित भइ लगभग ५० मिटर तल झरेको थियो। गम्भीर घाइते चालक र सहचालकलाई उपचारका लागि जिल्ला अस्पताल उदयपुर लैजाँदै गर्दा मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनास्थललाई ट्राफिकले 'ब्ल्याक स्पट' घोषणा गरी सवारी चालकहरूलाई अत्यधिक सतर्क हुन सूचित गर्दै आएको छ। मृतकको पहिचान खुल्न नसकेको र दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## टिकटको ...

सन्दर्भलाई लिएर ततत्कालीन सभापति शेरबहादुर देउवा र गगन थापा समूहबीच पानीबाराबारको स्थिति छ। निर्वाचन आयोगले विशेष महाधिवेशन पक्षधरलाई नै आधिकारिकता दिए पनि देउवा समूहका नेता त्यसको काउन्टर अट्याकमा उत्रिएका छन्। शुक्रबार पूर्णबहादुर खड्काको नेतृत्वमा नेताहरू निर्वाचन आयोगमा ध्यानाकर्षण गराउन गएका थिए।

तर आयोगले सोही दिन गगन थापा नेतृत्वको नेपाली कांग्रेसलाई नै आधिकारिकता दिएपछि आक्रोशित देउवा पक्षका नेताहरू आइतबार सर्वोच्च गएका हुन्। निर्वाचन आयोगको निर्णय खारेजीको माग गर्दै सर्वोच्च गएका नेतालाई अदालतले रिट दायर भएकै दिन सुनुवाइ गर्न नमिल्ने कानुनी व्यवस्था देखाएर पन्छाइदिएको छ। सोमबार सार्वजनिक बिदा परेकाले सो रिटका विषयमा कुनै सुनुवाइ हुने कुरा भएन। निर्वाचन कार्यतालिकाअनुसार मंगलबार उम्मेदवारको मनोनयन भएकाले कांग्रेसको आधिकारिकता दाबी गर्दै अदालत गएका देउवा पक्षका नेताहरू विलख बन्धनमा परेका छन्।

रिट दायरपछि उनीहरूले पुनः निर्वाचन आयोगमा पुगेर सर्वोच्चको निर्णय नआउँदासम्म निर्वाचनसम्बन्धी प्रक्रिया स्थगन गर्न माग गरिए पनि आयोगले दलहरूको आग्रहलाई बेवास्ता गरेको नेपाली कांग्रेसका नेता देवेन्द्रराज कँडेलले बताए। उनले भने, 'पार्टीमा महाधिवेशन र विशेष महाधिवेशनको सन्दर्भमा विवाद उत्पन्न भएपछि अदालतसम्म गएको छ। अदालतले सुनुवाइ पेसी ६ गतेलाई राखेको छ। अरू दलहरूसमेत टिकट टुंगो नलगाएकाले निर्वाचन आयोगसँग मनोनयनको समय थप गर्न दलहरूले माग गरे पनि आयोगले समय दिएन।' उनी तत्कालीन संस्थापन पक्षमा लागे पनि पार्टीले टिकट दिएको खण्डमा चुनाव लड्ने मनशायमा छन्। नवलपरासीबाट एकल नाम सिफरिस भएका कँडेल सभापति गगन थापाले टिकट दिनेमा आशावादी छन्।

निर्वाचन आयोगले मनोनयन दर्ताको समय थप नगरेसँगै सबैभन्दा मारमा कांग्रेस परेको छ। सो दललाई एक दिनभित्र १ सय ६५ निर्वाचन क्षत्रका उम्मेदवार टुंगो लगाएर सम्बन्धित क्षेत्रबाट मनोनयन दर्ता गर्न पठाउनुपर्ने दबाब छ। कांग्रेसले पुस ११ गतेभित्रै सम्भावित आकांक्षीको नाम पठाएको छ। तर ती विवरण पार्टीको केन्द्रीय कार्यालयमा भएको र विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वलाई देउवा पक्षले पार्टी कार्यालयमा जान रोक लगाएको छ। तर पार्टीलाई चुनाव जिताउनेगरी लाग्न नेताहरूले मापदण्ड बनाएर टिकट वितरण गर्ने केन्द्रीय सदस्य सुवास पोखरेलले बताए। उनले भने, 'भूगोलबाट आएका सिफारिसहरूकै आधारमा टिकट वितरण हुन्छ। केही नेताहरूका क्षेत्र मिलाउनुपर्ने विषयमा समेत छलफल भइरहेको छ। असन्तुष्ट पक्षका नेताहरूलाई समेत समेटेर सोमबारसम्म उम्मेदवार टुंगो लगाउँछौं।'

यता एमालेभित्र उम्मेदवारको विषयलाई लिएर तनाव सिर्जना भएको छ। एमालेले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को प्रत्यक्षतर्फको उम्मेदवारका लागि अधिकांश नयाँ अनुहारलाई प्राथमिकता दिएको छ। जसमा ६० प्रतिशत उम्मेदवार २०७९ र त्यसपछिका उपनिर्वाचनमा समेत सहभागी नभएका अनुहार रहेका छन्। हालसम्म एमालेले १ सय ४१ वटा क्षेत्रका लागि उम्मेदवारको टुंगो लगाएको छ। त्यसमध्ये ८५ क्षेत्रका लागि नयाँ उम्मेदवार रहेका छन्। बाँकी २४ क्षेत्रमा भने उम्मेदवारको टुंगो लगाउने जिम्मा अध्यक्ष केपी शर्मा ओलीले लिएका छन्।

एमालेले टिकट वितरण गरेको विषयमा पार्टीभित्र चर्को विरोध भएको छ। पार्टीको ११औं राष्ट्रिय महाधिवेशनको पक्षधरता र गुटगत भावना हाबी भएको एमाले उपमहासचिव योगेश भट्टराईले टिप्पणी गरे।

प्रतिनिधि सभाको समानुपातिक र प्रत्यक्ष दुवैतर्फ उम्मेदवार छनोट गर्दा विविधताबीच एकतालाई नजरअन्दाज गरिएको र यसले पार्टीको आन्तरिक एकतालाई कमजोर बनाउने काम गरेको उनको जिकिर गर्दै टिकट वितरणको निर्णयलाई 'गम्भीर भुल'का रूपमा व्याख्या गरेका छन्। 'कुनै ठाउँमा त्यही विशेषताको व्यक्तिलाई उम्मेदवारी दिइएको छ भने अर्को ठाउँमा त्यस्तै विशेषता भएको व्यक्तिलाई वञ्चित गरिएको छ,' भट्टराईले भनेका छन्, 'यसले गर्दा पार्टीको निर्णयप्रति देशव्यापी रूपमा एक स्वरले समर्थन प्राप्त हुन सकेको देखिँदैन। टिकट वितरणको यो निर्णय 'गम्भीर भुल' भएको छ।' यस्तै, प्रभावशाली नेताहरूले असुरक्षित महसुस गर्दै पुरानो निर्वाचन क्षेत्र छाडेर 'सुरक्षित क्षेत्र'तिर लागेको विषयमा पनि भट्टराईले टिप्पणी गरेका छन्।

टिकट वितरणकै विषयमा एमाले ओखलढुंगाले तीव्र असन्तुष्टि जनाएको छ। जिल्ला कमिटीले पार्टीको केन्द्रीय सचिवालयले गरेको निर्णय गुटगत र कार्यकर्ताको भावनाविपरीत भएको भन्दै आधिकारिक उम्मेदवारलाई नसघाउने औपचारिक निर्णय नै गरेको एमाले ओखलढुंगाका अध्यक्ष जिबी खड्काले बताए। 'जिल्ला कमिटीले निर्वाचनका लागि १८ जना आकांक्षीमध्ये पाँच जनाको नाम सिफरिस थियो,' उनले भने, 'सिफारिस गरिएका कोही पनि परेनन्। चुनावै लड्दिनँ भन्ने मान्छेलाई ओलीले माथिबाट टिकट पठाए। यो एमालेको उम्मेदवार होइन, केपी ओलीको उम्मेदवार हो। हामी सहयोग गर्न सक्दैनौं।' एमाले ओखलढुंगाले ईश्वर पोखरेल, अम्बिरबाबु गुरुङ, यज्ञराज सुनुवार, ज्ञानबहादुर खड्का (जिबी), नानीबाबु बुढाथोकीको नाम सिफारिस गरे पनि ओलीले लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापालाई टिकट दिएपछि बबन्डर भएको हो।

## बनाखुट्टा...

किलिमाञ्जारो, २०२३ मे १९ मा सगरमाथा, २०२४ जुन २८ मा डेनाली, २०२५ फेब्रुअरी २२ मा आकोंकागुवा र २०२५ अक्टोबर १८ मा कार्स्टेन्स पिरामिड (पुन्चक जया) आरोहण गरिसकेका थिए।

करिब ६ वर्षसम्म चलेको यो अभियानमा कठोर प्रशिक्षण, विशेष प्रोस्थेटिक (कृत्रिम) खुट्टाको विकास, करिब १० लाख अमेरिकी डलर बराबरको आर्थिक संकलन र अत्याधुनिक उपकरणको प्रयोग गरिएको थियो। अत्यधिक चिसो, तीव्र हावाहुरी, भिराला पहाड र हिउँका पर्खालसँग जुध्दै टोलीले सातै महादेशका सर्वोच्च शिखरमा पाइला टेक्न सफल भएको बुढामगरले बताए।

'यदि हामीसँग सपना छ, समर्पण छ र हार नमान्ने अठोट छ भने जीवनका जस्ता सुकै चुनौती भए पनि जित्न सकिन्छ,' बुढामगरले भने, 'म पैसा, व्यापार वा नाम कमाउन हिमाल चढ्दिनँ। म केवल अपांगतासम्बन्धी सचेतना फैलाउन हिमाल चढ्छु।'

उनले अपांगता भएका व्यक्तिहरूले आफूमाथि विश्वास गर्नुपर्ने र समुदाय, संस्था तथा सरकारले अपांगताप्रति सही दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिए। विगतमा नेपालमै अपांगता भएका व्यक्तिलाई हिमाल आरोहणमा प्रतिबन्ध लगाइएको स्मरण गर्दै उनले अपांगता कमजोरी होइन, फरक क्षमता मात्र भएको बताए।

सगरमाथा आरोहणपछि पनि अपांगताप्रतिको सोच एकाएक परिवर्तन नहुने महसुस भएपछि विश्वका अग्ला हिमाल चढेर सचेतना फैलाउने निर्णय गरेको उनको भनाइ छ। उनले आफ्नो बाँकी जीवन 'अपांगता सचेतना'का लागि समर्पित गर्ने घोषणासमेत गरेका छन्।

बुढामगरको यो उपलब्धिलाई नेपाली पर्वतारोहण इतिहासको महत्वपूर्ण अध्यायका रूपमा हेरिएको छ। यसले विश्वभर अपांगता भएका व्यक्तिलाई आफ्ना 'निजी पहाडहरू' चढ्न प्रेरणा दिने विश्वास लिइएको छ।

## आचारसंहिता...

हुनेसम्मका सजाय हुने प्रावधान समेटिएका छन्। निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन आचारसंहिता गएरातिदेखि लागू भएको हो। उनका अनुसार 'प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न' आचारसंहिता लागू गरिएको हो।

निर्वाचन आयोगका अधिकारीहरूका अनुसार निर्वाचन आचारसंहिता कडाइसाथ पालना गर्न/गराइनेछ। निर्वाचन आचारसंहिता पालना नगर्ने उम्मेदवारको उम्मेदवारी खारेज गर्नेसम्मका प्रावधान राखिएका छन्। उनीहरूका नजरमा आचारसंहिता नैतिक मात्र होइन, बाध्यकारी नियम हो। यो लिगल डकुमेन्ट हो। आचारसंहिता उल्लंघन भएको प्रमाणित भए उम्मेदवारी खारेजसमेत हुन सक्छ।

आयोगका अनुसार मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका कार्यालयबाट आचारसंहिता पालना भए/नभएको निगरानी हुनेछ। यसका अलावा राज्यका अन्य निकायले समेत आचारसंहिता कार्यान्वयनउपर निगरानी गरिराखेका हुन्छन्।

यही माघ २ गते सबै निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका छन्। जहाँ आचारसंहिता उल्लंघन भएको खण्डमा जोकोहीले निवेदन दिनसमेत सक्छन्।

मनोनयनका बेलादेखि नै आचारसंहिता उल्लंघनका घटना बाहिन आउन सक्ने भएकाले सचेत रहन राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई निर्वाचन आयोगको आग्रह छ।

आचारसंहिता अनुसार मनोनयन दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी मानिस लैजान पाइँदैन। बढीमा १० वटा मात्र झन्डा प्रयोग गर्नुपर्ने नियम छ।

२१ फागुनमा हुने चुनावका लागि मंगलबार मनोनयन दर्ताको समय छ। उम्मेदवारले मनोनयन पत्र दर्ता गर्दासमेत १३ किसिमका कागजात संलग्न गर्नुपर्नेहुन्छ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता भट्टराईका अनुसार उम्मेदवारी दर्ता गर्दा मतदाता नामावली ऐन २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ र निर्वाचन आचारसंहिता २०८२ बमोजिम मनोनयन पत्रसाथ १० किसिमका कागजात पेस गर्नुपर्नेहुन्छ।

जसमा उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पेस गर्नुपर्ने उल्लेख छ।

उम्मेदवारी दिँदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पेस गर्नुपर्छ।

उम्मेदवार हुने व्यक्तिले आफ्ना तर्फबाट निर्वाचन प्रतिनिधि तोकी उम्मेदवारी मनोनयन गर्ने भएमा प्रतिनिधि मुकरर गरेको फारम बुझाउनुपर्छ।

प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र अर्को एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र बुझाउनुपर्छ।

दलका तर्फबाट उम्मेदवारी दिएको भए उम्मेदवार मनोनयनको औपचारिकपत्र प्रदान गर्न अधिकार पाएको त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सोसरहको समितिको पदाधिकारीले प्रदान गरेको औपचारिकपत्र दिनुपर्छ।

तर एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा मनोनयनको औपचारिक पत्र भए पग्छ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका उम्मेदवारका लागि १० हजार रुपैयाँ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी जम्मा गर्नुपर्ने नियम छ। तर महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुनेछ।

उम्मेदवार हुने व्यक्तिले आफू योग्य रहेको भनेर स्वघोषणासमेत गर्नुपर्छ। उम्मेदवार हुने व्यक्तिले आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी रूपमा पेस गरेको सम्पत्ति विवरणसमेत बुझाउनुपर्छ। साथै वैयक्तिक विवरण पनि दिनुपर्छ।

उम्मेदवार हुने व्यक्तिले आफू निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए सो पेस्की फछ्र्योट भएको बेहोराको निस्सा दिनुपर्छ।

लेखा परीक्षणबाट कुनै पनि उम्मेदवारको नाममा किटानी साथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए सो बेरुजु फछ्र्योट गरेको निस्सासमेत पेस गर्नुपर्छ।

## बाध्यकारी...

स्थानीय तहमा खडा गरिएका रोजगार सेवा केन्द्रले बेरोजगारको अभिलेख राख्ने छ भने कार्यक्रम सञ्चालनका लागि केन्द्रमा राष्ट्रिय निर्देशक समिति, प्रदेश र स्थानीय तहमा कार्यान्वयन समिति गठन गरिने उल्लेख छ। यसअघिको सरकारले १० वर्षपछि बाध्यताको वैदेशिक रोजगारी अन्त्य गर्ने भन्दै सन् २०२५ देखि २०३५ लाई आन्तरिक रोजगार प्रवर्धन दशक घोषणा गरेको थियो। तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीले अबको १० वर्षपछि नेपालबाट बाध्यकारी वैदेशिक रोजगारी अन्त्य गर्ने बताएका थिए।

श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले रोजगार सिर्जना गर्न विभिन्न कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशिका जारी गरिएको बताएका छन्।

रोजगारीको हकलाई नेपालको संविधानले प्रत्याभूत गरेको छ। सोही संवैधानिक व्यवस्था कार्यान्वयनका लागि सरकारले २०७५ माघ २५ गते प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ जारी गरी सोही वर्ष फागुन १ गतेदेखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको थियो।

उक्त कार्यक्रमले पनि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन र विस्तार गर्ने, सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने लक्ष्य राखेको थियो।

तर प्रधानमन्त्री रोजगार कार्यक्रम आन्तरिक रोजगारी सिर्जना गर्न असफल भएपछि प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा नै परिवर्तन गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमले पाँच वर्षमा सहुलियत ऋणको साढे ३७ अर्ब रुपैयाँ खर्च गरेर बेरोजगारी समस्या समाधानका लागि कुनै योगदान नगरेको अवस्थामा राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम सफल होला ? भन्ने प्रश्न भने कतिपयले सुरुमै उठाएका छन्।

# स्वास्थ्य बिमा संकटमा परेपछि बोर्डका निर्देशकले दिए राजीनामा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ४ माघ



स्वास्थ्य बिमा कार्यक्रम संकटमा पर्दै गएपछि स्वास्थ्य बिमा बोर्डका निर्देशक डा. रघुराज काफ्लेले राजीनामा दिएका छन्। उनले आइतबार स्वास्थ्य मन्त्रालयमार्फत प्रधानमन्त्रीसमक्ष राजीनामा दिएका हुन्। स्वास्थ्य बिमा भुक्तानीको दायित्व बढेर बोर्ड दबाबमा परेका बेला काफ्लेको राजीनामा दिएको बुझिएको छ। स्वास्थ्य बिमाको भुक्तानी नभएपछि अस्पतालहरूले धमाधम सेवा बिमा सेवा बन्द गरिरहेकै बेला उनको राजीनामा आएको हो। अस्पतालहरूको दबाब र राज्यले भुक्तानीको स्रोत जुटाउने नसक्ने अवस्थाले बोर्ड आर्थिक संकटको अवस्थामा पुगेको छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले स्वास्थ्य बिमा बोर्डले उपचार खर्चबापतको रकम ४० करोड रुपैयाँ भुक्तानी लामो समयदेखि नदिएपछि माघ १ गतेदेखि स्वास्थ्य बिमा सेवा बन्द गरेको छ। त्यस्तै शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले पनि बिरामीहरूको उपचार गरेबापतको ३८ करोड रुपैयाँ बिमा बोर्डले भुक्तानी नगरेको भन्दै स्वास्थ्य बिमा सेवा बन्द गर्ने तयारी गरेको छ।

स्वास्थ्य बिमा बोर्डले देशभरका अस्पताललाई बिमा रकमबापतको झन्डै १३ अर्ब रुपैयाँ भुक्तानी गर्नुपर्ने बाँकी छ। तर अर्थ मन्त्रालयले यही मोडलमा बिमा कार्यक्रम चल्ने हो भने थप अनुदान दिन नसक्ने स्पष्ट पारेको छ। स्रोत जुटाउनै नसक्ने स्थिति भएपछि बोर्डले बिमा कार्यक्रमलाई अघि बढाउन विभिन्न विकल्पसहित सरकारसँग सहयोग मागेको थियो।

सरकारले आवश्यक सहयोग नगर्दा बिमा कार्यक्रम नै संकटमा परेको छ। देशभर लागू गरिएको स्वास्थ्य बिमा कार्यक्रम गम्भीर संकटमा पर्दा यसको प्रत्यक्ष मार सेवाग्राहीले भोग्न थालेका छन्। लाखौं नागरिकले सेवा लिने अस्पतालले नै यस्तो निर्णय गरेपछि स्वास्थ्य बिमा बोर्डमाथि नै प्रश्न उठेको छ। 'संकटको घडीमा निर्देशकको राजीनामा आउनुभन्दा ठुलो दुःख अरू के हुन्छ र ? बोर्डका जनस्वास्थ्य अधिकृत एवं सूचना अधिकारी विकेश मल्लले भने, 'राजीनामा दिएको भन्ने खबर आएको छ।' स्वास्थ्य बिमा फेल भएरै निर्देशकले राजीनामा दिएको हो भन्ने प्रश्नमा सूचना अधिकारी मल्लले भने, 'बोर्डको अवस्था त्यस्तै छ, हुन पनि सक्छ तर निमित्त राखेर सेवाप्रवाह गर्न सकिने प्रावधान छ।' तत्कालीन स्वास्थ्यमन्त्री प्रदीप पौडेलको पालामा तनहुँका काफ्ले स्वास्थ्य बिमा बोर्डमा नियुक्त भएका थिए।

नेपालमा स्वास्थ्य बिमा कार्यक्रम २०७२ मा सुरु भएको थियो। बिमाका माध्यमबाट सबै नागरिकलाई सस्तो, समान, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा दिने उद्देश्य यस कार्यक्रमको थियो। बिमा बोर्डले अस्पताललाई समयमै भुक्तानी गर्न नसक्दा ठुला सरकारी अस्पतालहरूले एकपछि अर्को गर्दै ठुला सरकारी अस्पतालले नै सूचना निकालेर स्वास्थ्य बिमा कार्यक्रम बन्द गर्ने घोषणा गर्न थालेका छन्।

# राधा पत्रकारिता पुरस्कारका लागि आवेदन आह्वान

**काठमाडौं/मस–** राधा क्यान्सर सचेतना फाउन्डेसनले 'राधा क्यान्सर सचेतना तथा हिंसाविरुद्धको राष्ट्रिय पत्रकारिता पुरस्कार'का लागि आवेदन आह्वान गरेको छ। फाउन्डेसनले एक प्रेस विज्ञप्ति जारी गर्दै यस वर्षको पत्रकारिता पुरस्कारका लागि आवेदन आह्वान गरेको हो। फाउन्डेसनले स्वर्गीय पत्रकार राधा बस्यालको जन्म जयन्तीमा हरेक वर्ष आवेदन परेका पत्रकारमध्ये एक जना पत्रकारलाई पुरस्कार प्रदान गर्दै आएको छ।




आवेदन दिन इच्छुक पत्रकारले गत वर्षको फागुनदेखि यस वर्षको पुस मसान्तसम्म प्रकाशन तथा प्रसारण गरेका क्यान्सर सचेतना र हिंसाविरुद्धको ३ वटा (क्यान्सरसम्बन्धी एउटा सामग्री अनिवार्य) लेख फागुन ४ गतेभित्र पठाउनुपर्ने फाउन्डेसनले जनाएको छ।

प्राप्त आवेदनमध्येबाट फाउन्डेसनको पुरस्कार छनोट समितिले पुरस्कृत हुने व्यक्ति छनोट गर्नेछ। पुरस्कृत हुने पत्रकारले २० हजार रुपैयाँ र सम्मान पत्र प्राप्त गर्ने फाउन्डेसनका अध्यक्ष प्रकाश बस्यालले जानकारी दिएका छन्। यस किसिमको पुरस्कारले देशभरका क्रियाशिल पत्रकारलाई क्यान्सरसम्बन्धी चेतना जगाउन र हिंसाविरुद्ध कलम चलाउन प्रेरणा मिल्ने आफूहरूको विश्वास रहेको बस्यालले बताए।

२०४८ सालमा जन्मिएकी पत्रकार बस्यालको २०७७ कात्तिक १४ गते स्तन क्यान्सरका कारण निधन भएको थियो। एक दशकभन्दा लामो समयदेखि नवलपुरमा रहेर पत्रकारिता गर्दै आएकी राधा वैवाहिक जीवनपछि व्यक्तिगत रूपमा घरेलु हिंसा र क्यान्सरसँग लड्दै आएकी थिइन्।

समाजमा महिला हिंसा र स्तन क्यान्सरको विषयमा सचेतना अभियान सञ्चालन गर्न राधा क्यान्सर फाउन्डेसनको स्थापना गरेर गाउँ-गाउँमा सचेतना अभियानसमेत चलाएकी थिइन्।

# 'वैकल्पिक र राष्ट्र निर्माणमुखी राजनीतिक धार आवश्यक'




**सुनसरी/मस–** राष्ट्र निर्माण दल नेपालको जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रम इनरुवामा भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रम दलका सुनसरी जिल्ला अध्यक्ष साँकत अलीको अध्यक्षतामा सञ्चालन भएको थियो।

प्रशिक्षण कार्यक्रममा ७० प्रतिशतभन्दा बढी युवासहित तीन सयभन्दा बढी विभिन्न जातीय समुदायका नागरिकहरूले पार्टी प्रवेश गरेका छन्। यससँगै सुनसरीका दक्षिणी पालिकाहरूमा दलको संगठनात्मक उपस्थितिलाई अझ मजबुत हुने संकेत देखिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै दलका अध्यक्ष शमीम मियाँ अन्सारीले देश गम्भीर राजनीतिक संक्रमणको चरणमा रहेको र यसको समाधानका लागि समावेशी, वैकल्पिक र राष्ट्र निर्माणमुखी राजनीतिक धार आवश्यक रहेको बताए। उनले सबै समुदायको सम्मान, पहिचान र सहभागिता सुनिश्चित नगरी समृद्ध नेपाल निर्माण सम्भव नहुने धारणा व्यक्त गरे।

कार्यक्रमका प्रमुख प्रशिक्षक तथा दलका महासचिव एवं पूर्व मन्त्री मोहम्मद जाकिर हुसैनले पार्टीको राजनीतिक दर्शन, नीतिगत दृष्टिकोण र कार्यक्रमबारे विस्तृत प्रशिक्षण दिए। उनले राष्ट्रिय मेलमिलाप, समावेशी लोकतन्त्र, संघीयता सुदृढीकरण, महिला उम्मेदवारी अनिवार्य, धार्मिक सहिष्णुता, सुशासन, भ्रष्टाचार नियन्त्रण, शिक्षा-स्वास्थ्य-रोजगारीको प्रत्याभूति लगायतका पार्टीका मुख्य एजेन्डा बुँदाहरू प्रस्तुत गरे।

कार्यक्रममा दलका सचिव गुरुदेव राम र कोशी प्रदेश इन्चार्ज जफर अहमद जमालीले संगठन विस्तार, जनसरोकारका मुद्दा र आगामी राजनीतिक कार्यदिशाबारे धारणा राखे। केन्द्रीय सदस्यहरू रोजिना खातुन, कविता आले मगर, महमद हारून, किरण ठाकुर, तजम्मुल मन्सुरी, विनोद यादव, दिपेन्द्र चौधरी, इसराफिल हुसैन, इनरुवा नगर समिति सचिव जहाँगीर मन्सुरी, देवानगञ्ज पालिका समिति अध्यक्ष हारिस अन्सारी, जेनजी नेता आदित्य आचार्य र राधा कुमारी साह, एजाज मन्सरीले पनि कार्यक्रमलाई सम्बोधन गरे।

जेनजी युवा आदित्य आचार्यले सुनसरी-२ का लागि आफ्ना उम्मेदवारी घोषणा गर्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पारे। कार्यक्रमको समापनमा सहभागीहरूले सुनसरीमा राष्ट्र निर्माण दलको संगठनात्मक आधार थप सुदृढ भएको र दल वैकल्पिक राजनीतिक शक्तिको रूपमा स्थापित हुने निष्कर्ष निकालेका छन्।


## हार्दिक श्रद्धाञ्जली



**स्व. सुनिता लामा**

यस संस्थाका कर्मचारी **सुरभी लामा**को ममतामयी माता **सुनिता लामा**को स्वर्गारोहण भएको आज १५ औं पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै **भावपूर्ण समवेदना** व्यक्त गर्दछौं।

**एक्सेस पार्टनर्स परिवार**
बानेश्वर, काठमाडौं।



## युएईमा रोजगार

कम्पनी: NATIONAL CORPORATION FOR TOURISM & HOTELS — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/१०/०४ — चलानी नं.: ६०२५०७७६ — L.T. No.: 337379

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assitant Cook | 10 | 0 | स. काममा दक्ष | 1200 | ४७,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Supervisor | 5 | 5 | | 2000 | ७९,००० | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 1500 | ५९,२५० | | | | | | | |
| 4. | Driver | 5 | 0 | | 1500 | ५९,२५० | | | | | | | |
| 5. | Helper | 20 | 0 | | 1000 | ३९,५०० | | | | | | | |
| 6. | Kitchen Cleaner | 0 | 50 | | 1000 | ३९,५०० | | | | | | | |
| 7. | Laundry Labour | 10 | 0 | | 1000 | ३९,५०० | | | | | | | |
| 8. | Office Boy/girl | 15 | 15 | | 1200 | ४७,४०० | | | | | | | |
| 9. | Pastry Maker | 10 | 0 | | 1500 | ५९,२५० | | | | | | | |
| 10. | Sandwich Maker | 5 | 0 | | 1500 | ५९,२५० | | | | | | | |
| 11. | Waiter/waitress | 20 | 20 | | 1500 | ५९,२५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १२ गते (26 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१, Mobile No: 9851040960 | 9851017534 | 9851180954
Drop your CV at Poc@lifelineoverseas.com



## Malaysia मा रोजगार

Satria Intelligence Agency Sdn. Bhd., Malaysia
पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/१२/२७ — चलानी नं. ६०२३५८५३ — LTNo. : 321625

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 14 | काममा दक्ष | 1700 | ६०,८२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ माघ १२ गते (26 Jan., 2026) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ।

**पिपुल एण्ड प्लेसेस प्रा. लि.**
श्रम ईजाजत नं.: ३२०/०५९/६०
बसुन्धरा, काठमाण्डौ, नेपाल, फोन : ०१-५९१८१७५, ९८२३५०३५३९, ९७६१६४४७१७



## पासपोर्ट हराएको सूचना

मिति २०८२/९/३० गते म भुपेन्द्र बहादुर क्षेत्री (PA१७७३४३३) र याशत भुपेन्द्र क्षेत्री दुबै बुबा छोराको पासपोर्ट सहित अन्य कागजात रहेको सानो हातेब्याग काठमाडौंबाट महेन्द्रनगर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

सम्पर्क नं: ९८१३२०५६००


## कानेपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भौसाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**आशयपत्र सम्बन्धमा**

**प्रथम पटक प्रकाशन मिति: २०८२/१०/०५**

कानेपोखरी गाँउपालिका अन्तर्गत निम्न अनुसारको खरिद कार्यको लागि विद्युतीय बोलपत्र पेश गर्न निम्न मितिमा प्रकाशित सूचना अनुसार तोकिएको मितिमा इजिपि मार्फत पेश भएका बोलपत्रहरू बोलपत्र आव्हान सम्बन्धी कागजात, सार्वजनिक खरिद नियमावली, (संशोधन सहित) २०६४ को नियम १४७ (१) अनुसारको मूल्यांकन समितिले गरेको मूल्यांङ्कन र सोको प्रतिवेदनका आधारमा निम्न बोलपत्रदाताको वोलपत्र न्यून मुल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न तथा देहायानुसार कबोल अंक राखी बोलपत्र पेश गर्ने बोलपत्रदाता र अन्य सरोकारवालाहरू समेतको जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) मा रहेको प्रयोजनार्थ न्यून मुल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही तपसिलको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय जानकारी गराइएको छ। यो सूचना प्रकाशन भएको मितिबाट ७ दिन भित्रमा ऐ. ऐनको दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लिखित वोलपत्रदाता मार्फत उल्लेखित खरिद प्रकृया अगाडि बढाईने व्यहोरा समेत सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| खरिद कार्यको नाम र ठेक्का नं. | ल.ई. रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | न्यून मुल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | ल.ई. भन्दा घटी रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) तथा प्रतिशत | बोधार्थ (कबोल रकम पि.एस., भ्याट तथा गुणन करेक्शन सहित रकम रु.) |
|---|---|---|---|---|---|
| Construction of Asphalt pavement on Nursary Dada east Jyamire khola Culvert- Mantri Chowk northHanuman Chowk east-Shivalaya-Sivalaya mandirPoudel chowk & Mantri chowk north -deurali chowk (upto pitch)KRM/ NCB/WORKS/03/2082/83 | 35,558,700.39 | M/S K.K.R. Construction Pvt. Ltd., Jhapa Rural Municipality ward no 2 | 25,664,596.33 | रु. - ९,८९४,१०४.०६ (२७.८२% घटी) | क) M/S Drabya/Bishwojyoti JV, Kathmandu Battisputali Thapagaun, कवोल अंक रु.२६,९७६,७२७.९२ (२४.१३% घटी) पहिलो कम<br>ख) M/S Kasara B&B Jaya Joint Venture, Triveni Chowk–10, कबोल अंक रु.२७,१९८,५९३.२५ (२३.५१% घटी) दोश्रो कम |
| Asphalt road construction work of roads at Kanepokhari ward no 3 to 7 (Construction of Asphalt Road At Bhansabari-Sundarbasti-Bayarban Nursery, Deurali chowk north upto jalakanya chowk, Milan Chowk North road.) KRM/NCB/ WORKS/04/2082/83 | 26,333,276.50 | M/S Jaya/Abhaash/ Pingala J.V., Kanepokhari 5, Morang | 19,662,791.94 | रु. -६,६७०,४८४.५६ (२५.३३%घटी) | क) M/S Alex Construction, Kankai Municipalitथ -५, Tulsibari, Jhapa, कवोल अंक रु.१९,९६२,९२१.७९(२४.१९% घटी) पहिलो कम<br>ख) M/S Drabya÷ Bishwojyoti JV, Kathmandu Battisputali Thapagaun, कवोल अंक रु.२०,०९४,८३७.४३ (२३.६९% घटी) दोश्रो कम |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com

५ माघ २०८२ सोमबार
19 January 2026 Monday

सम्पादकीय

## कार्यकाल पूरा गर्ने नैतिकता देखाऊ

प्रतिनिधि सभाको २१ फागुनमा हुने निर्वाचनका लागि दलहरू उम्मेदवार छान्न व्यस्त छन् । विघटित संसद्को ठुलो दल नेपाली कांग्रेस आन्तरिक किचलोमा परेबाहेक नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, रास्वपालगायतका दलहरूले अधिकांश निर्वाचन क्षेत्रका उम्मेदवार टुंगो लगाइसकेका छन् । निर्वाचन आयोगले आइतबार रातिदेखि आचारसंहिता पनि लागू गरिसकेको छ । यो चुनावी सरगर्मीमा राष्ट्रिय सभा, स्थानीय तह र प्रदेश सभाबाट राजीनामा दिएर प्रत्यक्ष निर्वाचन लड्न आउने जनप्रतिनिधिको संख्या पनि ठुलै छ । २०७९ को निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर काठमाडौं महानगरको मेयर निर्वाचित बालेन्द्र शाहदेखि धरान उपमहानगरमा त्यसरी नै उदाएका हर्क साम्पाङसम्म प्रतिनिधि सभा सदस्यको चुनावमा भाग लिँदै छन् । बालेन र हर्क दुवैले राजीनामा गर्दै आआफ्नो दलबाट भावी प्रधानमन्त्रीको घोषणासमेत गरिसकेका छन् । भरतपुर महानगरकी मेयर रेनु दाहाल पनि राजीनामा गरेर चुनाव लड्दै छिन् । राष्ट्रिय सभाका तीन सांसद् र प्रदेश सभाका कयौं सांसद्ले पनि कार्यकाल पूरा नहुँदै राजीनामा दिएर प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवारी दिँदै छन् । यसले संघीय प्रणालीमै नयाँ विकृति भित्र्याउने देखिएको छ ।

स्थानीय तह होस् वा प्रदेश सभा वा संघीय संसद्, सांसद्हरूले निश्चित बाचा गरेर सो पदमा पुगेका हुन्छन् । उनीले घोषणापत्रमार्फत् आफ्ना प्रतिबद्धता जाहेर गरेका हुन्छन् । बीचै छाडेर अर्को चुनाव लड्दा एकातर्फ मतदाताको अपमान हुन्छ भने अर्कोतर्फ सम्बन्धित जनप्रतिनिधिको पूरा परीक्षण पनि भएको हुँदैन । खाली भएका पदमा पुनः उपनिर्वाचन गर्नुपर्छ । चुनावदेखि उपचुनावसम्मको गोलचक्करमै पाँच वर्ष पूरा गर्नुपर्ने स्थिति आउँछ । यसले दल र नेताको विश्वसनीयता मात्र गुमाएका छैनन्, राज्यकोषमा भारसमेत थपेको छ । त्यसै पनि स्थानीय तह स्थायी प्रकृतिको हुन्छ । स्थानीय सरकार फेरिँदैन । त्यसैले जनप्रतिनिधिले ढुक्कले काम गर्न पाउँछन् । उनीहरूले चुनावमा गरेको प्रतिबद्धता पूरा गर्न पाँच वर्ष समय पाउँछन् । तर बीचमा आउने चुनावका लागि राजीनामा दिएर हिँड्ने प्रवृत्तिले स्थानीय सरकार पनि अस्थिर हुने जोखिम बढाएको छ ।

आवधिक निर्वाचन लोकतन्त्रमा जनमत परीक्षणको आधार हो । जनप्रतिनिधिले आफ्नो प्रतिबद्धता पूरा गर्दै कार्यकाल पूरा गर्नुपर्छ । एउटा जिम्मेवारीबाट राजीनामा दिएर अर्को चुनाव लड्ने प्रवृत्तिले निर्वाचनलाई खर्चिलो मात्र बनाएको छैन, आममतदातालाई चुनावप्रति नै वितृष्णा फैलाउँछ । हरेक चुनावमा मतदान गर्नेको संख्या घट्नुको एउटा कारण त्यसैलाई मानिन्छ । स्थानीय तह, प्रदेशसभा, प्रतिनिधि सभा र राष्ट्रिय सभाका आआफ्नै काम कर्तव्य र अधिकार छन् । त्यो पूरा गर्न जनतासँग गरेको बाचा पूरा गर्न कार्यकाल पूरा गर्नुपर्छ । कार्यकाल पूरा नगरी अर्को चुनावमा मत माग्ने नैतिक अधिकार जनप्रतिनिधिसँग हुँदैन, त्यो जनतालाई दिएको धोका हो ।

# ट्राफिक सप्ताहको सन्देश

*सडकमा ट्राफिक प्रहरीको उपस्थितिले मात्र दुर्घटना कम हुँदैन, त्यसका लागि सवारी चालक र पैदल यात्रुको सचेत भूमिका आवश्यक छ ।*

अग्रलेख



● झलक शर्मा

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले हाल ट्राफिक सप्ताह तथा सवारी दुर्घटना न्यूनीकरण विशेष अभियान २०८२ मनाएको छ । ट्राफिक सप्ताह कार्यक्रममा 'ट्राफिक नियम मिचेकोमा गर्व होइन, लाज मानौँ', 'मापसे गरी सवारी साधन नचलाऔँ', 'लेन अनुशासन पालना गरौँ', 'तीव्र गति र जिकज्याक गरी सवारी नचलाऔँ', 'सभ्य नागरिकको चिनारी, सडक दुर्घटना न्यूनीकरण हामी सबैको जिम्मेवारी' जस्ता सन्देशमूलक नाराहरू प्रस्तुत गरिएका छन् ।

काठमाडौं उपत्यकामा दिनप्रतिदिन सवारी दुर्घटना बढ्दै गएको छ । अत्यधिक सवारी चाप, साँघुरा तथा सवारी साधनको चाप थेग्न नसक्ने सडक, ट्राफिक नियमको उल्लंघनलगायतका कारणले गर्दा ट्राफिक व्यवस्थापनमा कठिनाइ उत्पन्न भइरहेको छ । नेपालमा ट्राफिक जाम हटाउन प्रयोग गरिने आधुनिक प्रविधिको अभाव देखिन्छ । गएको भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको आन्दोलन र त्यसपछिको आगजनीका कारण ट्राफिक कार्यालयहरू, सडकमा रहेका ट्राफिक लाइट तथा सांकेतिकरणमा क्षति पुग्दा पुनः ट्राफिक व्यवस्थापन परम्परागत शैलीबाट सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ ।

कठिन परिस्थितिमा पनि ट्राफिक प्रहरीले सडक सुरक्षामा खटिएर देखाएको दायित्वबोध प्रशंसनीय मान्नुपर्छ । सवारी साधन र नागरिकका महत्वपूर्ण कागजात जलेका कारण ट्राफिक सेवालाई अझ प्रभावकारी बनाउन कठिनाइ आएको छ । काठमाडौं उपत्यका ट्राफिक कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा कुल ७ हजार १६९ वटा दुर्घटना भएका छन् । जसमा घातक १९० वटा, गम्भीर दुर्घटना २७८ वटा र सामान्य दुर्घटना ७ हजार ६३१ वटा घटेका छन् ।

सडकको क्षमता र गुणस्तर विस्तार, सवारी चालक र पैदल यात्रुको चेतना तथा आचरणले सडक दुर्घटना न्यूनीकरणमा ठूलो सहयोग पुर्‍याउँछ । सडक दुर्घटनाबाट ठूलो जनधनको क्षति भइरहेको सन्दर्भमा यस्ता जनचेतनामूलक कार्यक्रमको निरन्तरता आवश्यक देखिन्छ । सरकारले कोटेश्वर तथा जडीबुटी खण्डमा अन्डरपास तथा फ्लाइओभर निर्माण गर्न जापान सरकारसँग ऋण सम्झौता गरेको छ, जुन करिब ८ वर्षमा सम्पन्न हुने अनुमान छ । निर्माणको समयमा हुने जाम र सर्वसाधारणले भोग्नुपर्ने सास्तीबारे पूर्वानुमान गरी वैकल्पिक उपाय अपनाउनु आवश्यक छ ।

ट्राफिक प्रहरी सेवा प्रवाहमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण गर्दै ट्राफिक सेवाको पुनर्संरचना र पुनरावलोकन, सेवामा सरलीकरण, सहज पहुँच तथा गुनासो सुनुवाइको व्यवस्थालाई प्रवर्द्धन गर्नु अहिलेको महत्वपूर्ण एजेन्डा हो । ट्राफिक प्रहरीको संस्थागत सुधारका उपाय अवलम्बन नगरी व्यवस्थित ट्राफिक सेवा सञ्चालन हुन सक्दैन । साथै, मनसुनजन्य प्राकृतिक प्रकोप (बाढी/पहिरो) तथा सडकको अवस्थाबारे जानकारी दिने, साथै सवारी चालक, परिचालक र यात्रुले अपनाउनुपर्ने तयारी र सावधानीसम्बन्धी विषयमा ट्राफिकले नागरिक सहायता कक्ष सञ्चालन गर्नु उपयुक्त हुन्छ ।



> ***ट्राफिक प्रहरी सेवा प्रवाहमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण गर्दै सेवाको पुनर्संरचना, सेवामा सरलीकरण, गुनासो सुनुवाइको व्यवस्थालाई प्रवर्द्धन गर्नु अहिलेको महत्वपूर्ण एजेन्डा हो । ट्राफिक प्रहरीको संस्थागत सुधारका उपाय अवलम्बन नगरी व्यवस्थित ट्राफिक सेवा सञ्चालन हुन सक्दैन ।***

भौतिक पूर्वाधार निर्माणसँगै सार्वजनिक यातायात व्यवस्थित गर्न सकिएको खण्डमा निजी सवारी साधनको प्रयोग घट्ने र फलस्वरूप जाम स्वतः कम हुने आकलन गर्न सकिन्छ । तीव्र गति नियन्त्रण गर्न ट्राफिक प्रहरीले प्रयोग गर्ने स्पिड गन, मदिरा सेवन परीक्षण गर्ने ब्रेथलाइजर, जेब्रा क्रस तथा लेनको प्रयोग अनिवार्य बनाइनुपर्छ ।

कार्यालय समय तथा सभा-सम्मेलनका दिन काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन अस्तव्यस्त हुने गरेको देखिन्छ । सार्वजनिक सवारी साधनहरूले बढी यात्रु चढाउने र पैसा कमाउने होडमा प्रायः ट्राफिक जाम गराउने गर्दछन् । प्रतिबन्धित स्थानमा गाडी रोक्ने, आदेशमूलक ट्राफिक चिन्हको पालना नगर्ने बानीले सडक दुर्घटना निम्त्याइरहेको छ । सवारी चलाउँदा मोबाइल प्रयोग गर्ने, सुर्तीजन्य पदार्थ खाने, लेन प्रयोग नगर्ने, जाम छल्न तीव्र गतिमा सवारी चलाउने तथा साँघुरा गल्ली प्रयोग गर्ने प्रवृत्ति बढ्दो छ ।

निजी सवारी चालकहरूमा अनुभवको कमी देखिन्छ भने चालक अनुमति पत्र नलिई सवारी चलाउने दुस्साहस पनि पाइन्छ । ट्राफिक सांकेतिकरण बोर्ड कतिपय स्थानमा अस्पष्ट, रङ उडेको वा बुझ्न नसकिने अवस्थामा छन् । ट्राफिकले अनावश्यक रूपमा चेकजाँच गरी दुःख दिएको भन्ने गुनासा पनि बेला-बेलामा सुनिन्छन् । यसका लागि ट्राफिक प्रहरीमा पदीय अनुशासन र आचरणको पूर्ण पालना गरिनु आवश्यक छ ।

सवारी चालक र ट्राफिकबिच सामञ्जस्यता र समझदारी बढाउन तालिम तथा गोष्ठी आयोजना गर्नु जरुरी छ । जीर्ण सडकको मर्मतसम्भार, खाल्डाखुल्डी पुर्ने, सडक छेउछाउमा राखिएका पाइप, तार, गिटी-बालुवा व्यवस्थापन गरी जाम न्यूनीकरण गर्नु आवश्यक छ । आजभोलि पठाओ, इनड्राइभ, याङ्गो जस्ता राइड सेयर गर्ने सवारी चालकहरूले व्यस्त चोकमै यात्रु खोज्ने र ओसार्ने परिपाटीले पनि जाम बढाएको छ ।

सडक छेउका गाडी मर्मत केन्द्र र वर्कसपहरूले सडकमै गाडी राखी मर्मत तथा धुने गर्दा जाम हुने र मोविल बग्दा चिप्लिएर दुर्घटना हुने गरेको छ । त्यसका लागि काठमाडौं उपत्यकामा अटो भिलेजको अवधारणालाई छिटो कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

ट्राफिक प्रहरीले मापसे तथा ट्राफिक नियम उल्लंघन गर्ने चालकलाई जरिवानासहित सचेतना कक्षा सञ्चालन गर्दै आएको छ । यसले कतिपय चालकमा ट्राफिक ज्ञान बढाएको देखिए पनि केहीले औपचारिकताका लागि मात्र कक्षा लिने गरेको पाइन्छ । ट्राफिक नियम उल्लंघनबाट हुने क्षतिले आफ्नै जीउधनको हानि हुन्छ । त्यसैले सबै सवारी चालक र नागरिकले ट्राफिक नियमको पालना गर्नु अनिवार्य छ ।


ट्राफिक सचेतना फैलाउन सञ्चार माध्यम, नागरिक समाज, यातायात व्यवसायी, स्थानीय सरकार, युवा क्लब तथा सक्रिय संघ-संस्थाको भूमिका महत्वपूर्ण हुन्छ । सडकमा ट्राफिक प्रहरीको उपस्थितिले मात्र दुर्घटना कम हुँदैन, त्यसका लागि सवारी चालक र पैदल यात्रुको सचेत भूमिका आवश्यक छ । सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक जामको अन्त्यका लागि आयोजना गरिएको ट्राफिक सप्ताहले सबै सवारी चालक, पैदल यात्रु र सरोकारवालामा ट्राफिक नियम र अनुशासन पालनामा सहयोग पुर्‍याओस् भन्ने अपेक्षा गरिएको छ ।

## इतिहासमा आज

१९ जनवरी १९९३ मा चेक गणराज्य र स्लोभाकिया संयुक्त राष्ट्र संघमा सामेल भएका थिए ।



१९ जनवरी १९९७ मा यासेर अराफात ३० वर्षभन्दा बढी समयपछि हेब्रोन फर्किएर इजरायली-नियन्त्रित वेस्ट बैंक सहरको हस्तान्तरणको उत्सवमा सामेल भएका थिए ।



१९ जनवरी २००६ मा स्लोभाक वायु सेनाको एन्टोनोभ एन-२४ विमान हंगेरीको हेज्से नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा ४२ जनाको मृत्यु भएको थियो ।



१९ जनवरी २०२४ मा जापान एयरोस्पेस अन्वेषण एजेन्सीको प्रोब चन्द्रमामा अवतरण भएको थियो । जससँगै जापान चन्द्रमामा अन्तरिक्ष यान अवतरण गर्ने पाँचौं देश बन्यो ।



# युवाको पलायन : रहर कि बाध्यता ?

विचार



● राम पौडेल 'लवहरी'

> ***युवा बिदेसिने कुरालाई राज्यले हलुका रूपमा लिनु हुँदैन । युवा यो देशको भविष्य हो, सम्पत्ति हो, अमूल्य चीज हो । युवाबिनाको देश परिकल्पना गर्दा राज्यले भोलि ठुलो क्षति बेहोर्नुपर्ने हुन्छ ।***

अहिले युवाको जीवनको सबैभन्दा कठिन र अफ्ठ्यारो निर्णयमध्ये एक हो- देशमै बस्ने कि विदेश जाने ? धेरैका लागि विदेश सपना मात्रै पनि होइन, यो त परिस्थितिले थोपरेको बाध्यात्मक विकल्प हो । पढाइ सकिएपछि हातमा विश्वविद्यालयले थमाइदिएको एउटा कागजी प्रमाणपत्र बोकेर काम खोज्न हिँड्दै गर्दा निरन्तर अस्वीकार र निराशा भोगेपछि भौँतारिएर युवा विदेशिन बाध्य भएका छन् ।

नेपालबाट हरेक वर्ष ठूलो संख्यामा शिक्षित युवा वर्ग श्रम बजारमा प्रवेश गर्छन्, तर उनीहरूका लागि योग्यताअनुसारको काम उपलब्ध छैन । भएका थोरै अवसरमा पनि चिनजान, पहुँच र राजनीतिक सिफारिसले प्राथमिकता पाउने गरेको छ । यस्तो अवस्थामा आफ्नै मेहनत र क्षमता हुँदाहुँदै पनि युवा अवसरबाट वञ्चित हुनुपरेको तीतो यथार्थ छ ।

हाम्रो शिक्षा प्रणाली र रोजगारीबीच निकै ठूलो खाडल देखिन्छ । हाम्रा विश्वविद्यालयमा सिकाइने सीप र पढाइने ज्ञान यहाँ काम नलाग्ने, तर त्यही ज्ञान र सीप लिएर विदेश जाँदा जस्तोसुकै कामका लागि पनि योग्य ठहरिनु हाम्रो राज्य र राज्यको नीतिगत कमजोरीको प्रमाण हो भन्न अकमकाउनु पर्दैन । राजनीतिक भाषणमा जतातती युवालाई प्राथमिकता दिएको देखिन्छ, तर व्यवहारमा त्यो कहिल्यै कार्यान्वयन भएन ।

यो पंक्ति तयार गर्दै गर्दा पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अहिले पनि सयौं युवाले देश छोडिरहेका छन् । निरन्तर राजनीतिक अस्थिरता, सरकारको बारम्बार फेरबदल र नेतृत्वमा दीर्घकालीन सोचको अभावले युवा लक्षित कार्यक्रमहरू कार्यक्रममै सीमित छन्, कार्यान्वयन गर्ने निकाय बेखबर बनेका छन् । मूलतः उत्पादन, कृषि र उद्योगलाई प्राथमिकता नदिँदा रोजगारी सिर्जना हुन सकिरहेको छैन । जबसम्म हामी हाम्रो शिक्षालाई प्रत्यक्ष रूपमा उत्पादनसँग जोड्न सक्दैनौँ या चाहँदैनौँ, तबसम्म यो मुलुक परनिर्भर र गरिबीको चपेटामा रहिरहन्छ ।

विदेश जाने कुरा असामान्य वा गलत मात्रै पनि होइन । त्यहाँ सिक्ने सीप, अनुभव र आधुनिक तथा प्राविधिक ज्ञान बटुलेर फर्केका युवालाई समेत यो देशमा टिकाउनु र रोजगारीको सुनिश्चितता गर्न नसक्नु चाहिँ राज्यको निरिहता, असफलता र अकर्मण्यताको पुष्टि हो । जब यहाँ त साँच्चै केही नहुने रहेछ भन्ने सोचले युवालाई पुनः देश छोड्न बाध्य बनाउँछ, त्यो अर्को गम्भीर र चिन्ताको विषय हो ।

आज गाउँ युवाविहीन हुँदै गएका छन्, घर रित्तिँदै छन्, खेतबारी बाँझिँदै छन् र बूढा भएका हरेक घरका वृद्ध बा-आमा बेसहारा बन्दै गइरहेका छन् । ती वृद्ध आमा-बा बिरामी पर्दा समयमा उपचार गर्न लाने छोराछोरी आज घरमा छैनन्, गाउँघरमा भेटिँदैनन् ।

यदि साँच्चै युवालाई यही देशमै रोक्ने हो भने राजनीतिक सुधार, नीतिगत निरन्तरता, सीपमूलक शिक्षा र उत्पादनमुखी अर्थतन्त्र अपरिहार्य छन् । युवा विदेशिने कुरालाई राज्यले हलुका रूपमा लिनु हुँदैन । युवा यो देशको भविष्य हो, सम्पत्ति हो, अमूल्य चीज हो । युवाबिनाको देश परिकल्पना गर्दा राज्यले भोलि ठूलो क्षति बेहोर्नु पर्ने हुन्छ । तसर्थ, राज्य हाँक्छु भन्नेहरूले बेलैमा विदेशिने युवालाई बजेटको केन्द्रमा राखेर उचित रोजगारीको व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

युवाले देश किन छोडे भन्नेभन्दा पनि मुख्य प्रश्न- राज्यले युवालाई यही देशमै भविष्य देख्ने वातावरण सिर्जना गर्न किन सकेन भन्ने हो ।

## सामाजिक सञ्जाल



**डम्मर खतिवडा**

कांग्रेस र कम्युनिस्ट, गगन-विश्वप्रकाश र शंकर पोखेलहरू बिचको फरक व्यवहारमै देखियो । पोखेलहरूले पनि थापाहरूको जस्तो आँट गर्थे, ओलीलाई देउवाको हालतमा पुर्‍याउँथे, यति धेरै हिरो र प्रियतावादी समूहको जन्म नहुन सक्थ्यो । पुरानै दलहरूको सुधार सम्भव हुने सन्देश जान्थ्यो ।




**गोकुल प्रसाद बास्कोटा**

संसद् विघटन पछि सडक दबाब र पुनर्स्थापनासँगै मिनेट र घण्टा मात्र हैन नामसमेत तोकेर परमादेशी प्रधानमन्त्री बन्दा संविधानसम्मत देख्नेहरूको रुवावासी हेर्न लायक देखियो । सम्झेको कति मात्र हो भने- यी भद्दा पटके नाटक सुन्न, देख्न र भोग्न नपर्ने राजनीतिक मूल्य पद्धति कहिले व्यवहारमा आउला ?



**भीम रावल**

